यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७४ असोज ३० (१६ अक्टोबर २०१७) को अङ्ग्रेजी मूल संस्करणमा आधारित छ।

ADB ASIAN DEVELOPMENT BANK

# नेपाल : व्यापार सहजीकरणका लागि दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग भन्सार सुधार तथा आधुनिकीकरण

## Nepal: South Asia Subregional Economic Cooperation Customs Reform and Modernization for Trade Facilitation

| | |
|---|---|
| **आयोजनाको नाम** | व्यापार सहजीकरणका लागि दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग भन्सार सुधार तथा आधुनिकीकरण |
| **आयोजना नम्बर** | ५०२५४-००२ (50254-002) |
| **देश** | नेपाल |
| **आयोजनाको अवस्था** | चालु |
| **आयोजनाको प्रकार/सहायताको रूपरेखा** | प्राविधिक सहायता |
| **लगानीको स्रोत/रकम** | **टिए ९३४६-एनईपी व्यापार सहजीकरणका लागि दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग भन्सार सुधार तथा आधुनिकीकरण**<br>गरिबी न्यूनीकरणका लागि जापानी कोष १.०० मिलियन अमेरिकी डलर |
| **रणनीतिक कार्यसूची** | समावेशी आर्थिक वृद्धि<br>क्षेत्रीय एकीकरण |

| | |
|---|---|
| **परिवर्तनका संवाहक** | सुशासन र क्षमता विकास<br>साझेदारी<br>निजी क्षेत्रको विकास |
| **क्षेत्र/उपक्षेत्र** | **उद्योग र वाणिज्य** - उद्योग र वाणिज्य क्षेत्र विकास - व्यापार र सेवा |
| **लैङ्गिक समता र मूलप्रवाहीकरण** | लैङ्गिक तत्व समावेश नभएको |
| **वर्णन** | व्यापार सहजीकरणका लागि दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग भन्सार सुधार र आधुनिकीकरण कार्यक्रमले निर्यात प्रवर्द्धत तथा विविधीकरण गर्ने नेपालको राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउँछ। साथै यसले नेपालाई विश्व व्यापार संगठन (डब्ल्युटीओ) को व्यापार सहजीकरण सम्झौताप्रति यसको प्रतिबद्धता पुरा गर्न सहयोग गर्दछ। नेपाल सरकारले यस कार्यक्रममा लगानी गर्न साधारण पुंजीस्रोत कोषबाट एसडिआर १५,३४१,००० (२१ मिलियन अमेरिकी डलर) बराबरको विभिन्न मुद्रामा सहयोगको सहुलियत पूर्ण ऋणका लागि अनुरोध गरेको छ। साथै, १ मिलियन डलर लाख डलरको प्राविधिक अनुदान पनि माग गरेको छ। |
| **आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध** | प्राविधिक सहायता कार्यक्रमको नीतिगत मापदण्डहरूमा उल्लेख गरिएका सुधारलाई कार्यान्वयन गर्न नेपालको भन्सार विभागको क्षमता सुदृढ गर्न दिनु आवश्यक छ। कार्यक्रमका नीतिगत मापदण्डहरू चार वर्षे राष्ट्रिय रणनीति, भन्सार सुधार तथा आधुनिकीकरण रणनीति र कार्ययोजना (सीआरएमएसएपी) २०१७-२०२१ मा प्राथमिककामा परेका छन्। ती प्राथमिकतासँग यो कार्यक्रम पूर्ण रूपमा मेल खाने बनाइएको छ। प्राविधिक सहायता र ऋण  नीतिमा आधारित ऋण दुबै नेपाल राष्ट्रिय व्यावसायिक सञ्चालन योजना (कन्ट्री अपरेसन्स बिजनेस प्लान : नेपाल, सन् २०१७ - २०१९ र क्षेत्रीय व्यावसायिक सञ्चालन योजना : दक्षिण एसिया, सन् २०१६-२०१८) मा समावेश गरिएका छन्। |
| **प्रभाव** | |
| **आयोजनाको प्रतिफल** | |
| **प्रतिफलको वर्णन** | |
| **प्रतिफल प्राप्तिमा प्रगति** | प्राविधिक सहायता २०७४ साउन ३१ (१५ अगस्ट २०१७) मा प्रभावकारी भएको छ। |
| **कार्यान्वयनको प्रगति** | |

| | |
|---|---|
| **आयोजनाको नतिजाको वर्णन** | |
| **आयोजना कार्यान्वयनको प्रगति (नतिजा, गतिविधि र मुद्दाहरू)** | प्राविधिक सहायताका गतिविधि कार्यान्वयनमा सहयोग गर्न तिन जना व्यक्तिगत राष्ट्रिय परामर्शदाता संलग्न छन् । एउटा राष्ट्रिय परामर्शदाता फर्मलाई संलग्न गराउन तयारीको काम पनि थालिएको छ । |
| **भौगोलिक अवस्थिति** | |

**वातावरणीय र सामाजिक विषय वस्तुको सारांश**

| | |
|---|---|
| **वातावरणीय पक्षहरू** | |
| **अस्वैच्छिक पुनर्वास** | |
| **आदिवासी जनसङ्ख्या** | |

**सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श**

| | |
|---|---|
| **आयोजना निर्माणको अवधिमा** | सरोकारवालाहरूमा राष्ट्रिय भन्सार व्यापार सहजीकरण समिति (सीएनटीएफसी) मा प्रतिनिधित्व गर्ने अर्थ मन्त्रालय, भन्सार विभाग, स्थानीय भन्सार कार्यालयहरू, वाणिज्यसँग सम्बन्धित अन्य मन्त्रालयहरू (वाणिज्य मन्त्रालय, कृषि विकास मन्त्रालय, उद्योग मन्त्रालय), बैंकहरू, उत्पादकहरू, कृषि वस्तुका उत्पादकहरू, व्यापारी, फ्रेइट फरवार्डरहरू, भन्सार एजेन्टहरू लगायतका व्यापारसँग सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायहरू र अन्य रहेका छन् । आयोजनाको अवधारणा विकासको क्रममा सन् २०१४ सेप्टेम्बरमा काठमाडौं र स्थानीय कार्यालयहरूमा प्रारम्भिक परामर्श बैठकहरूको आयोजना गरिएको थियो । स्थानीय तहमा सरकारी कार्यालयहरूका अतिरिक्त स्थानीय उद्योग वाणिज्य संघहरू, उत्पादकहरू, सहकारीहरू, भन्सार क्लियरिङन्ट एजेन्टहरू तथा फ्रेइट फरवार्डर्सहरू समक्ष पुगिएको थियो । प्रारम्भिक परामर्शपछि प्राविधिक सहायता टीए ८४४२ को समीक्षाको हिस्साका रूपमा ४-६ महिनाको अन्तरालमा सरोकारवालाहरूसँग धेरै परामर्श बैठकहरू गरिएका थिए । पछिल्लो पटक ती सरकारी र निजी क्षेत्रकमा प्रतिनिधिहरूलाई आमन्त्रण गरी सन् २०१६ नोभेम्बरमा राष्ट्रिय परामर्श बैठकको |

| | |
|---|---|
| | आयोजना गरिएको थियो । कार्यशालाको प्राथमिक लक्ष्य भन्सार सुधार र आधुनिकीकरण रणनीति र कार्य योजना (सीआरएमएसएपी), सन् २०१७-२०२१ को मस्यौदामाथि छलफल गर्नु रहेको थियो । छलफलको एउटा कार्यसूची नीतिमा आधारित ऋणमार्फत् एडिबीबाट सीआरएमएपी सुधार क्षेत्रमा सहयोग गरिनु पर्ने विषय रहेको थियो । सीआरएमएपीको खाकाको अनुमोदनका साथ कार्यक्रम मार्फत् सहयोग गरिनु पर्ने प्रमुख सुधार कार्यहरू निश्चित गरिएका थिए । |
| **आयोजना कार्यान्वयनको अवधिमा** | प्राविधिक सहायता सन् २०१७ अगस्टमा सुरु भई ३० महिनाभन्दा बढी कार्यान्वयनमा आउने छ । कार्यान्वयन गर्ने र गराउने निकाय भन्सार विभाग हुनेछ । यस प्राविधिक सहायता कार्यान्वयनको संयन्त्र नीतिमा आधारित ऋण कार्यक्रमको जस्तै हुनेछ । यो प्राविधिक सहायता त्यसै नीतिमा संलग्न छ । कार्यान्वयनमा सहयोग र अनुगमन गर्नका लागि भन्सार विभागका महानिर्देशकको अध्यक्षतामा कार्यक्रम सञ्चालक समिति गठन गरिने छ । अर्थ मन्त्रालय, वाणिज्य मन्त्रालय, उद्योग विभाग र भन्सार विभागबाट सदस्यहरू रहने छन् । राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिका सदस्यहरू व्यापारसँग सम्बन्धित सरकारी र निजी क्षेत्रबाट हुनेछन् र एडिबीलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ । राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिका नियमित बैठकहरूमा सञ्चालक समितिले प्रगति विवरण प्रस्तुत गर्ने छ र कार्यक्रम कार्यान्वयनका मुद्दाहरूमा छलफल हुनेछ । भन्सार विभागका उपमहानिर्देशक (व्यवस्थापन) को नेतृत्वमा भन्सार विभागले पाँच वटा विषयगत कार्यदलको अनुगमन गर्दै कार्यक्रम कार्यान्वयनको कार्यढाँचा तयार गर्नेछ । ती विषयगत कार्यदलहरूमा (१) संयोजन, (२) कानुनी, (३) स्वचालन, (४) जोखिम व्यवस्थापन र (५) सङ्गठन र विकास रहेका छन् । |

**व्यावसायिक अवसर**

| | |
|---|---|
| **परामर्श सेवा** | प्राविधिक सहायताको कार्यान्वयनका लागि व्यक्तिगत र फर्मको संयुक्त परामर्शदाता टोलीलाई संलग्न गराइने छ । व्यक्तिगत परामर्शदाताहरू आवश्यकता अनुसार एसियाली विकास बैंक (एडिबी) बाट व्यक्तिगत परामर्शदाता चयन गरेर कामको नतिजाका आधारमा आंशिक एकमुष्ट सम्झौताका आधारमा गरिने छ । नेपालको भन्सार प्रणालीको स्वचालनको उपप्रणाली विकासका लागि एउटा राष्ट्रिय परामर्श फर्मले परामर्शदाताहरू उपलब्ध गराउने छ । फर्मलाई एडिबीबाट गुणस्तर र लागतमा आधारित चयन प्रक्रिया र नतिजामा आधारित आंशिक एकमुष्ट सम्झौताका आधारमा संलग्न गराइने छ । फर्म सूचना प्रविधिमा विशेषज्ञतायुक्त हुनु पर्नेछ । |
| **खरिद** | उपलब्ध नभएको |

| | |
|---|---|
| **जिम्मेवार एडीबी अधिकारी** | सुनायामा, सोनोको Sunayama, Sonoko |
| **जिम्मेवार एडीबी विभाग** | दक्षिण एसिया विभाग |

| | |
|---|---|
| **जिम्मेवार एडीबी महाशाखा** | क्षेत्रीय सहयोग र सञ्चालन समन्वय महाशाखा, एसएआरडी |
| कार्यान्वयन गराउने निकाय | **एसियाली विकास बैंक**<br>६ एडिबी एभेन्यु<br>मन्दालुयोङ सिटी १५५०, फिलिपिन्स<br><br>**भन्सार विभाग**<br>त्रिपुरेश्वर, काठमाडौं, नेपाल |

| | |
|---|---|
| **समय तालिका** | |
| **अवधारणा पारित** | - |
| **तथ्यप्राप्ति** | - |
| **व्यवस्थापन समीक्षा बैठक** | - |
| **स्वीकृति** | २०७४ साउन ९<br>(२४ जुलाई २०१७) |
| **पछिल्लो समीक्षा भ्रमण (मिसन)** | - |
| **पछिल्लो आयोजना तथ्याङ्क विवरण अद्यावधिक** | २०७४ भदौ १९<br>(४ सेप्टेम्बर २०१७) |

टीए ९३४६-एनईपी

**महत्वपूर्ण तथ्याङ्कहरू**

| **स्वीकृति** | **हस्ताक्षर मिति** | **प्रभावकारिता मिति** | **समाप्ति** | | |
|---|---|---|---|---|---|
| | | | **मूल** | **संशोधित** | **वास्तविक** |
| २०७४ साउन ९ (२४ जुलाई २०१७) | २०७४ साउन ३१ (१५ अगस्ट २०१७) | २०७४ साउन ३१ (१५ अगस्ट २०१७) | २०७६ फागुन ३१ (२० फेब्रुअरी २०२०) | - | - |

**लगानी योजना /प्राविधिक सहायताको उपयोगिता** **सञ्चित खर्च**

| एडिबी | सहलगानी | समकक्षी | | | | कुल | मिति | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | सरकार | लाभ प्राप्तकर्ता | आयोजनाका दाता | अन्य | | | |
| ०.०० | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०००,०००.०० | २०७४ साउन ९ (२४ जुलाई २०१७) | ०.०० |

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना वा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ । किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलि रहेको प्रक्रिया हो । कतिपय जानकारी सुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारी अनुमानित तथा साङ्केतिक हुन् ।

एडिबीबाट यस आयोजना तथ्याङ्क विवरणमा दिइएका सूचना यसका प्रयोक्तालाई कुनै पनि किसिमको सुनिश्चितता विना स्रोतका लागि मात्र रहेका छन् । एडिबीले उच्च गुणस्तरको विवरण प्रदान गर्ने प्रयास गर्दा गर्दै पनि यी सूचना कुनै पनि किसिमको वचनवद्धता विना नै “यथातथ्य” का, व्यावसायिकताको सीमित वचनवद्धता र खास प्रयोजनका लागि उपयुक्तताको वचनवद्धता विनाका तथा अनतिक्रम्य रहेका छन् । एडिबीले विशेष गरी यस्ता कुनै पनि सूचनाको तथ्यपरकता वा पूर्णताका सम्बन्धमा कुनै पनि प्रकारको वचनवद्धता वा प्रतिनिधित्व गर्दैन ।